म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३४५ शनिबार, १० साउन २०८२ ने. सं. ११४५ दिल्लागा 26 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**युवा सशक्तिकरण गरौं ।**

युवा सशक्तिकरण किन:

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मुख्यमन्त्री लामाविरुद्ध अविश्वासको प्रस्ताव दर्ता, ४ जना मन्त्रीको राजीनामा

## विश्वासमाथि नै अविश्वास पैदा भयो: सभापति बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामालाई कांग्रेस संसदीय दलको नेताबाट हटाउन पार्टीका सांसदहरुले हस्ताक्षर बुझाएका छन् ।

कांग्रेस संसदीय दलका २१ सांसदको हस्ताक्षरसहित शुक्रबार संसदीय दलमा उनीविरुद्ध अविश्वास प्रस्ताव दर्ता गरिएको हो । अविश्वासको प्रस्ताव दर्ता भएसंगै मुख्यमन्त्री लामाको पद धरापमा परेको छ । २१ सांसदको हस्ताक्षरसहित संसदीय दलका सचिव कृष्णकुमार तामाङलाई हस्ताक्षर बुझाउँदै अविश्वास प्रस्ताव दर्ता गरिएको हो । बहादुरलाई हटाउन १९ सांसद चाहिनेमा २१ जनाको हस्ताक्षर जुटेको हो । यससँगै कुनै नाटकीय मोड नआए मुख्यमन्त्री तामाङ संसदीय दलमा नरहने देखिएको छ । संसदीय दलको नेता परिवर्तन भएमा उनी मुख्यमन्त्री पनि रहने छैनन् ।



कांग्रेसभित्रको आन्तरिक राजनीतिका कारण शुक्रबार नै चार जना मन्त्रीले राजीनामा दिएका थिए । राजीनामा दिनेमा संस्कृति तथा पर्यटनमन्त्री विमल ठकुरी, सहकारी तथा गरिबी निवारण मन्त्री मदुकुमार श्रेष्ठ, युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जन र आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछाने छन् । बागमती प्रदेश सभापति इन्द्र बानियाँको अगुवाईमा भएको अविश्वासको प्रस्तावमा हस्ताक्षर गर्नेहरुमा बानियाँ, शिवराज अधिकारी, कञ्चनचन्द्र वादे, दीपेन्द्र श्रेष्ठ, पुकार महर्जन, विन्दु रायमाझी पौडेल, यमुनादेवी श्रेष्ठ, माया श्रेष्ठ, उर्मिला नेपाल, शान्ता ढकाल, प्रभात तामाङ, छिरिङदोर्जे लामा, मीना पराजुली, याकिला शेर्पा, मीनकृष्ण महर्जन, विमल ठकुरी, मदुकुमार श्रेष्ठ, सुरजचन्द्र लामिछाने, सुरेश श्रेष्ठ, श्रीराम लामिछाने र सुना परियार छन् ।

लामाविरूद्ध अविश्वासको प्रस्तावमा हस्ताक्षर गर्नेहरुमा सभापति शेरबहादुर देउवा, महामन्त्री गगन थापा र कांग्रेस नेता प्रकाशमान सिंह पक्षधरका सांसदहरु छन् । मुख्यमन्त्री लामालाई पदबाट राजीनामा दिन सभापति शेरबहादुर देउवाले केही समयदेखि दवाव दिएको भएपनि मुख्यमन्त्री लामाले अस्वीकार गर्दै आएका थिए । गत बुधबार पनि मुख्यमन्त्री लामालाई बोलाएर सभापति देउवाले राजीनामा दिन सुझाव दिएका थिए । मुख्यमन्त्री लामाले आधाआधा कार्यकाल मुख्यमन्त्री बन्ने भन्ने पूर्वसहमति तोडेर सम्पर्कविहीन भएको आरोप लागेको छ । सरकार बनेको एक वर्षपछि पद छाड्ने पूर्वसहमति मुख्यमन्त्री लामाले अस्वीकार गरेको आरोप छ ।

आर्थिक मामिला तथा योजना मन्त्री काफ्लेले ल्याएको बजेटमाथि पार्टीभित्रै असन्तुष्टि छ भने अन्य दलहरुले पनि विरोध गरि रहेका थिए । असार १६ गतेदेखि २३ गतेसम्म चलेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा पनि बागमतीको बजेटबारे कुरा उठेको थियो । अराजक शैलीमा बजेट ल्याइएको भन्दै केन्द्रीय सदस्यहरुले आलोचना गरेका थिए । २०७९ पुस १३ गते भएको कांग्रेस संसदीय दलको निर्वाचनमा मुख्यमन्त्री लामासँग बागमती प्रदेश सभापति बानियाँ ५ मतले पराजित भएका थिए । लामाले २१ मत ल्याउँदा बानियाँले १६ मत मात्रै पाएका थिए ।

*बाँकी पृष्ठ-३....*









यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# च्याट जिपिटीमा दैनिक सोधिन्छन् साढे २ अर्ब प्रश्न, यस्ता छन् अरु रोचक तथ्य




आर्टिफिसियल इन्टेलिजेन्स स्टार्टअप ओपन एआईले विकास गरेको च्याटबट च्याट जिपिटी विश्वभर निकै तीव्र गतिमा लोकप्रिय बनिरहेको छ । मिडिया फर्म एक्सियोसले तयार पारेको एक नयाँ रिपोर्ट अनुसार विश्वमा च्याट जिपिटीमा हरेक दिन साडे २ अर्बभन्दा धेरै प्रश्न (प्रम्प्ट) सोधिन्छन् । त्यस्ता प्रम्प्टमध्ये ३० करोड भन्दा धेरै त केवल अमेरिकी प्रयोगकर्ताबाट मात्रै आउने गरेका छन् ।

यस आधारमा च्याट जिपिटीमा एक वर्षमा ९ खर्ब १२ अर्ब प्रश्नहरु सोधिने गरि एका छन् । यसले च्याट जिपिटी कसरी प्रयोगकर्ताहरुको दैनिक अनलाइन गतिविधिको अहम् हिस्सा बनिसकेको छ भन्ने देखाउँछ । हुनत प्रयोगकर्ताको संलग्नता (युजर्स इन्गेजमेन्ट) को हिसाबले च्याट जिपिटी अहिलेपनि गुगल सर्चभन्दा पछि छ ।

**गुगलसाग तुलना**

गुगलको मातृ कम्पनी अल्फाबेटका अनुसार गुगल सर्चमा हरेक वर्ष करिब ५ ट्रिलियन प्रश्नहरू सोधिन्छन् । यसको अर्थ गुगलमा हरेक दिन औषतमा १४ अर्ब पटक विभिन्न कुरा सर्च गरिन्छ । जुन च्याट जिपिटीको संख्याभन्दा अत्यधिक धेरै हो । यद्यपि गुगलले आृनो दैनिक तथा मासिक सर्च डेटाको बारेमा आधिकारिक रुपमा विवरण सार्वजनिक गर्ने गरेको छैन । तथापि गुगल सर्चसम्बन्धी उल्लिखित तथ्यांकलाई स्वतन्त्र शोधकर्ताहरुले समेत पुष्टि गरेको प्रविधि सम्बन्धी वेबसाइट टेक क्रन्चले जनाएको छ ।

**च्याट जिपिटीको तीव्र बढोत्तरी**

सन् २०२४ को डिसेम्बरमा च्याट जिपिटीका मासिक सक्रिय प्रयोगकर्ताको संख्या ३० करोड रहेको ओपन एआईले जनाएको थियो । त्यसबेला हरेक दिन एक अर्बवटा प्रश्न च्याट जिपिटीमा सोधिन्थ्यो ।


ओपन एआईले हालै च्याट जिपिटी एजेन्ट नामक एक नयाँ फिचर ल्याएको छ । यो एउटा एआई एसिस्टेन्ट जस्तै हो जसले प्रयोगकर्ताको तर्फबाट कठीन कार्यहरुलाई आफैं गरिदिन्छ । यसमा वेब ब्राउजिङ, पावर प्वाइन्ट प्रस्तुति तयार गर्ने, बाह्य एप्लिकेसनसँग जोड्ने, एपिआई एक्सेसको माध्यमबाट प्रत्यक्ष डेटा प्रोसेसिङ जस्ता काम पर्दछन् । यस एजेन्टले एक भर्चुअल कम्प्युटरको मद्दतले काम गर्दछ र कुनैपनि कार्यका लागि सबैभन्दा उपयुक्त टुललाई स्वचालित रुपमा छनोट गर्दछ ।

**च्याट जिपिटीबारेका केही रोचक तथ्य**

- च्याट जिपिटी सन् २०२२ को नोभेम्बर ३० मा सुरुवात भएको हो, यद्यपि यसको निर्माता कम्पनी ओपन एआईले उक्त एआई प्लाटफर्म विकासका लागि सन् २०१८ देखि नै भाषा मोडेलको विकास तथा प्रशिक्षणको काम गरको थियो ।
- च्याट जिपिटी निर्माता कम्पनी ओपन एआईको स्थापना सन् २०१५ मा भएको थियो । त्यसको संस्थापक हालका सीईओ साम अल्टम्यानसँगै एलन मस्क समेत ६ जना थिए । तर, मस्कले ओपन एआईको बोर्डबाट सन् २०१८ मा राजीनामा दिएर अलग्गिए । माइक्रो सृटले सन् २०१९ मा ओपन एआईमा एक अर्ब डलर लगानी गरेको थियो र हालसम्म उसको लगानी ३ अर्ब डलर पुगिसकेको छ ।
- सन् २०२१ म जम्मा १४ अर्ब डलर मूल्यांकन रहेको ओपन एआई कम्पनीको मूल्य अहिले ३ खर्ब डलर पुगेको छ, जुन अमेरिकाका मूल्यवान कम्पनीहरुको सूचीमा पर्न सफल भएको छ । ओपन एआईले यो वर्ष सन् २०२५ मा १२ अर्ब ७० करोड आम्दानी गर्ने प्रक्षेपण छ ।
- च्याट जिपिटी सार्वजनिक भएको केवल ५ दिनमै यसका प्रयोगकर्ताको संख्या १० लाख नाघेको थियो ।
- विश्वमा च्याट जिपिटीका साप्ताहिक सक्रिय प्रयोगकर्ताको संख्या ४० करोड छ र हरेक महिना ५ अर्ब २० करोड पटक च्याट जिपिटी प्रयोग हुन्छ ।
- च्याट जिपिटीका प्रयोगकर्तामध्ये करिब ६४ प्रतिशत पुरुष र ३६ प्रतिशत महिला छन् ।
- च्याट जिपिटी विश्वका १६० भन्दा धेरै देशमा उपलब्ध भएपनि चीन, रुस, बेलारुस, इरान, अफगानिस्तान तथा भेनेजुयला लगायतका देशमा प्रतिबन्धित छ ।
- विश्वमा सबैभन्दा धेरै च्याट जिपिटी प्रयोगकर्ता भएको देश अमेरिका हो । कुल च्याट जिपिटी प्रयोगकर्तामध्ये अमेरिकी प्रयोगकर्ताको हिस्सा करिब १५ प्रतिशत छ भने दोस्रो धेरै प्रयोगकर्ता रहेको भारतको हिस्सा करिब ९ प्रतिशत छ ।
- गत फेब्रुअरीसम्म च्याट जिपिटी प्रयोगकर्ता अकाउन्टको कूल संख्या ४ खर्ब पुगेको छ । जबकि विश्वको जनसंख्या करीब ८ अर्ब २० करोड मात्रै छ ।
- एकजना प्रयोगकर्ताले च्याट जिपिटीमा औषतमा १३ मिनेट ५८ सेकेन्ड समय बिताउने र औसतमा २.७७ वटा पेज हेर्ने गरेका छन् ।

**जीवनशैली / स्वास्थ्य**

# यसकारण कम्तिमा ८ घन्टा सुत्न जरूरी छ, नत्र देखिने छ रोगहरू



रातको निद्रा हाम्रो स्वास्थ्यको लागि धेरै महत्त्वपूर्ण छ । यस समयमा, मस्तिष्कले पनि आराम गर्छ, आफैलाई मर्मत गर्दछ र दिनको मेमोरी भण्डारण गर्दछ । तर, अहिलेको जीवनशैलीमा मानिसहरु विशेषगरी युवाहरु राती अबेरसम्म जाग्ने गर्छन् । तर के तपाईलाई थाहा छ निन्द्राको कमीले हाम्रो मस्तिष्क अर्थात स्लीप एण्ड ब्रेन हेल्थलाई सिधै हानि पुऱ्याउँछ भन्नेमा ? हामीले पर्याप्त निद्रा नपर्दा यसले हाम्रो मस्तिष्कमा कस्तो प्रभाव पार्छ भन्ने बारे न्यूरोलोजोजिस्टवाट केही कुरा जानौं ।

**मेमोरी र सिक्ने क्षमतामा प्रभाव**

निद्राको समयमा, हाम्रो मस्तिष्कले दिनभरका गतिविधिहरू र सिकेका कुराहरू व्यवस्थित गर्दछ । गहिरो निद्रा र निद्रा चक्रको समयमा मस्तिष्कले दीर्घकालीन मेमोरीको लागि नयाँ जानकारी भण्डारण गर्दछ । यदि निद्रा पूरा भएन भने यो प्रक्रियामा बाधा पुग्छ, जसका कारण स्मरणशक्ति कमजोर हुन्छ र नयाँ कुरा सिक्न गाह्रो हुन्छ ।

**ध्यान केन्द्रित गर्ने र निर्णय लिने क्षमतामा कमी**

निद्राको कमीका कारण मस्तिष्कका कोशिकाहरू अर्थात् न्युरोन्सले राम्ररी काम गर्न सक्दैनन्, जसका कारण सोच्ने र बुझ्ने क्षमतामा ह्रास आउँछ । यसले हाम्रो ध्यान, तर्क र निर्णय गर्ने क्षमतामा प्रत्यक्ष प्रभाव पार्छ । यति मात्र होइन, पर्याप्त निद्रा नपुग्ने मानिसमा प्रतिक्रिया समय पनि ढिलो हुन्छ, जसका कारण दुर्घटनाको जोखिम बढ्छ ।

**मूड स्विङ्स र मानसिक स्वास्थ्यमा साइड इफेक्ट**

कम सुत्ने मानिसहरू अक्सर चिडचिडा, तनाव वा उदास महसुस गर्छन् । यो हुन्छ किनभने निद्राको कमीले मस्तिष्कको एमिग्डाला नामक भागलाई बढी सक्रिय बनाउँछ, जसले भावनाहरूलाई नियन्त्रण गर्छ । थप रूपमा, निद्राको कमीले सेरोटोनिन र डोपामाइन जस्ता खुशी पार्ने हार्मोनहरूको सन्तुलनमा बाधा पुऱ्याउँछ, जसले डिप्रेसन र चिन्ताको जोखिम बढाउँछ ।

**मस्तिष्क कोशिकालाई क्षति**

लामो समयसम्म निन्द्रा नलाग्दा मस्तिष्कका कोशिकाहरूलाई हानि पुऱ्याउँछ । निद्राको कमीले मस्तिष्कको केही भागहरूमा न्यूरोनको संख्या कम गर्न सक्छ । थप रूपमा, मस्तिष्कले निद्राको समयमा विषाक्त प्रोटीनहरू, जस्तै बीटा-एमाइलाइड, सफा गर्छ । जुन अल्जाइमर जस्ता रोगसँग सम्बन्धित छ । निद्राको कमीको कारण यी हानिकारक प्रोटिनहरू जम्मा हुन थाल्छ, जसले मस्तिष्कको काम गर्ने क्षमतालाई असर गर्छ ।

**रचनात्मकता र समस्या समाधानमा कमी**

हाम्रो रचनात्मकता र नवीन सोचको लागि निद्रा पनि महत्त्वपूर्ण छ । जब हामी सुत्छौं, मस्तिष्कले नयाँ जानकारी मिलाएर समस्या समाधान गर्छ । निद्राको कमीको कारण यो प्रक्रिया बाधित हुन्छ, जसले नयाँ विचारहरूको उत्पादन घटाउँछ ।

तसर्थ, यदि तपाइँ आफ्नो दिमाग स्वस्थ राख्न चाहनुहुन्छ भने, दैनिक ७-८ घण्टा गहिरो निद्रा लिनु महत्त्वपूर्ण छ । निद्राको कमीले तपाईको दैनिक जीवनलाई मात्र असर गर्दैन, तर लामो समयसम्म यसले तपाईको मस्तिष्कको संरचनालाई पनि क्षति पुऱ्याउँछ । त्यसैले आफ्नो निद्रालाई प्राथमिकता दिनुहोस् र स्वस्थ जीवनशैली अपनाउनुहोस् ।

**साहित्य**

हास्यव्यंग्य

# गुरुदेव रविशंकरलाई खुल्ला पत्र

✍नारायण भट्टराई

आदरणीय रविशंकर गुरुदेव,
नमस्कार !

आशा छ तपाईँको स्वास्थ्य राम्रो छ । तपाईले सुरु गरेको "आर्ट अफ लिभिङ्ग" ध्यान अभियान संसारभर फैलिएको थाहा पाएँ । कम्बोडियाको गृह युद्धलाई जितेर त्यो देशमा शान्ति ल्याउन तपाईँको योगदानको यत्रतत्र चर्चा सुनेको छु । संसारमा शान्ति ल्याउन सक्ने तपाईले शुरु गर्नु भएको ध्यान अभियानको अङ्ग हुन सक्दा म जस्ता मनुवाको मनको शान्ति कसो नफर्केला भनेर म पनि नर्थ क्यारोलिनाको बुन स्थित आर्ट अफ लिभिङ्गको रिट्रिट सेन्टर तर्फ हानिएँ । तनावको उकुसमुकुसले गुम्सिएको मन लिएर बुनका डाँडाको चिसो हावा खाँदा नै मैले नयाँ जीवन पाएको अनुभूति गरेको थिएँ ।

बुनमा मैले बिताएका पाँच दिनहरूमा मैले धेरै कुरा पढैं । सबैभन्दा बढी आफैंलाई पढें । वर्तमानमा छरपस्ट व्यवहारलाई बाल नदिई भविष्यको अन्त्यहीन भास तर्फ भासिन झोज्ने अटेरी मनलाई पढैं । यो दिमाग भनेको आकाशमा उडिरहेको चङ्गा रहेछ, अनि हाम्रो स्वास भनेको त्यो चङ्गालाई नियन्त्रण गर्ने लट्टाई रहेछ । योग र ध्यान सँगै सिकाइएको प्राणायामले चङ्गा रूपी दिमागलाई ठाउँमा राख्न सहयोग गर्ने रहेछ । ध्यान भनेको आफूलाई चिन्नु रहेछ अनि आफू बसेको संसार चिन्नु रहेछ । दुनियाँलाई बुझ्नु रहेछ । दिमागलाई खुट्टाको गति सँगै हिँडाउनु रहेछ । थाहा छैन मैले मलाई कति चिने । दुनियाँका नियम कति बुझें । तर तपाईंलाई चाहिँ थोरै चिन्ने मौका पाएँ । जति चिने त्यतिले मलाई धेरै कुराको पर्दा उघारि दिएको आभास भयो । तपाईँको सरलता नजिकबाट महसुस गर्ने मौका पाएँ । तर थाहा छ तपाईं त साह्रै सोझो मान्छे हुनुहुन्छ । विश्वभरि तपाईंका अनुयायीहरूले ढाकी सक्दा पनि पटक्कै आफूलाई भगवान जस्तो नदेखाउने ।

हेर्नुस्, गुरु भनेको त भगवान पो हो त । मानव रूपधारी २१ औं शताब्दीका भगवान । तपाईले हामी जस्ता साधकसँग दूरी कायम गर्नु पर्छ । बुनको वेद भवन दुईमा साधना गरिरहेको बेला हामीलाई भनियो, "तपाई आउनु हुँदैछ ।" भव्य तयारी गरियो । तर त्यो दिन हाम्रा प्रशिक्षकले भनेको समयमा तपाईं आउनु भएन । अलिक ढिलो गरेर आउनु भयो । फिरंगी जोगी जस्तो लुसुक्क ढोकाबाट छिर्नु भयो । तपाईं ढोकामा आएपछि मात्र भित्र थाहा भयो । हाम्रा प्रशिक्षकहरू स्याँस्याँ र फ्याँफ्याँ गर्न थाल्नु भयो । यस्तो लाग्थ्यो तपाईंको आगमन एउटा आँधी हो । यस्तो लाग्थ्यो तपाईंको आगमन एउटा त्रास हो । डर हो । तपाईं विशेष स्वागत र सत्कार खोज्ने मानिस हो, त्यसैले भव्य तयारी चाहिन्छ । मेरो मन पनि हल्लिएको थियो । अमेरिकाका विभिन्न विश्व विद्यालयका झन्डै ९० जना प्राध्यापक र विद्यार्थीले खचाखच भरिएको त्यो कक्षमा पहिलो पटक मैले त्यस्तो बेचैनी देखेको थिएँ । जब तपाईं छिर्नु भयो, फटाफट कतै नहेरी अग्रभागमा जानु भयो । तपाई फोनमा बोल्दै हुनुहुन्थ्यो । ढोकाको छेउ देखी करिव तीन मिटरको दुरी तपाईं हिंड्नु भयो ।

तपाईंका केही भक्तजनहरू आशीर्वाद थाप्न टाउको पसारिरहेका थिए । केही लम्पसार पर्न खोज्दै थिए । केही 'गुरुदेव, गुरुदेव' भनेर भक्ति गान गाउन तम्सेका थिए । तपाईंको चरणको दास हुन मास तम्तयार थिए तर तपाई त त्यता पट्टि हेर्दै नहेरी अगाडि बढ्नु भयो । फोनमा कुरा गर्दै गरेको देखेर मुख खोली सकेका भक्तहरूको पनि मुख टालियो ।

गुरुदेव, मेरो प्रश्न छ । तपाईंलाई भगवान बनाउन तम्तयार ती मान्छेहरुलाई 'तथास्तु तथास्तु' भनेर टाउकामा छुने अवसर किन गुमाउनु भयो ? एउटा सेतो धोती र चप्पल लगाएर भित्र छिर्नु भयो, साधकहरूलाई ध्यान र व्यायामको महत्व बारे थोरै बोल्नु भयो, अनि केही बेर भलाकुसारी गरेर निस्कनु भयो । गुरु, हामी त सेल्फी खिच्न हातमा फोन बोकेर तम्तयार थियौं । हजुरलाई साधकसँग फोटो खिचेर सामाजिक संजालमा भाइरल हुन मन लागेन ? त्यति बेला मेरो मनमा अरू पनि प्रश्न उठेका थिए । तपाईंलाई तथास्तु नबाँडी हिंड्न बुनमा जस्तो संसारका अरू ठाउँमा पनि सम्भव हुन्छ ? भक्तहरू निराश हुँदैनन् । भक्तहरू भांडिदैनन् । जति भाषा र वर्ण मिल्ने भक्तहरूको जमातमा ठोकियो त्यतिनै उनको चरणास्पर्शको अभिलाषालाई पुरा गर्न गाह्रो हुदैन ? ज्ञानको कित्ताकाट गरेर आफ्नो बनाउने जमानामा कसरी सबैलाई एउटै ज्ञानको सूत्रमा बाँध्न सम्भव भयो ?

त्यो दिन तपाईं संयुक्त राष्ट्रसंघको सभाकक्षबाट डिसेम्बर २१ लाई विश्व ध्यान दिवस घोषणा गरेर सिधै हाम्रो शिविरमा आउनु भएको थियो । विश्वलाई प्रतिनिधित्व गर्ने नायक हामी जस्ता सामान्य मान्छेको नजिकै बसेर बोल्ने हो र ! ठूलो सभा हलमा सिङ्गारिएको आसनमा बसेर हात पो हल्लाउने हो त ? अनि पो मान्छेहरू हजुरलाई भगवान जस्तो देखेर खुट्टा समाउन लालायीत हुन्छन् । अनि पो गुरु भएको मज्जा आउँछ । हजुरले एउटा कुरा बुझिदिनु पर्यो, हामी मान्छेमा दास मानसिकता छ । उहिले हामी आफैं जस्ता मान्छेका कमारा थियौं । अहिले हामी विज्ञान र प्रविधिका दास भएका छौं । उहिलेका दासहरू क्रूर शासक थिए । उनीहरूले हामीलाई स्वतन्त्र हुन दिएनन् । एकै ठाउमा बाँधेर राखे । उनका लागि मात्र काम गर्ने बनाए । त्यही भएर हामीले ती दासकहरूको उन्मूलन गर्यौं, तर समय बित्दै जाँदा थाहा भयो मान्छे आफ्नो दिमागको मालिक हुन सक्दैन । कम्तिमा सबै मानिसहरू उनको दिमागको मालिक हुन सक्दैनन् । उनीहरूले आफुलाई चिन्न अरुको भर पर्नुपर्ने हुन्छ । उनीहरूलाई आफ्नो खुशी थाहा पाउन अरूमा आधारित हुनुपर्ने हुन्छ । त्यसैले आधुनिक मान्छे मेसिनका दास छन् । इजरायली दार्शनिक युभल नोह हरारीले आफ्नो बहु चर्चित 'सापिएन्स: मानवजातीको छोटो इतिहास' नामक किताबमा आधुनिक युगको दासताको सविस्तार बयान गरेका छन् । उनले औल्याएका आधुनिक दासहरू हामी सबै हौं किनकि कुनै न कुनै रुपमा हामी तथाकथित खुशी र सुविधाका दास भएका छौं । एघार महिना बँधुवा गोरु जस्तो भएर काममा जोतियो । एक महिना त्यहि कमाएको पैसामा मोज गर्यो , अनि फेरी त्यही सिसिफ्ह्सियन कर्ममा फर्कियो । सम्झिनलाई आफू केवल स्वतन्त्र छु भनेर सम्झिने तर वर्षभरि कमाउने कार्य तालिकाको दासता स्वीकार्ने । जो जीवनभरि कामको मात्र दास भएर मर्छ, त्यो ठूलो पौरखी हुन्छ । जो स्वतन्त्र भएर, थौरै काम गरेर अनि धेरै जीवनलाई पर्व बनाएर जिउन खोज्छ, त्यो चाहिँ लुरे । हेर्नुस् त गुरुजी, हाम्रो समाजका खुशी मान्छेहरू । हास्न पनि गुरुले सिकाउनु पर्ने भाको छ ।

तर त्यही खुशी किन्न गरेको मरि हत्तेले पनि उनीहरूलाई मानसिक शान्ति दिन सकेको छैन । त्यसैले उनीहरू भगवानको खोजीमा छन् जसमा आश्रित भए उनको दिमागी घाउले केही मलम पट्टि पाउँछ होला । त्यसैले म भन्दैछु यो समय गुरुहरूको लागि भगवान पल्टिने र आफ्नो व्यापार बढाउने सुन्दर समय हो । मलाई अचम्म लाग्यो त्यत्रो पुर्नेली दर्शनको ज्ञाता हजुरले त धाराप्रवाह आफुले जानेको कुरा खोक्नु पर्ने होइन र ? सुन्नेले सुनुन कि नसुनुन, बुझुन कि नबुझुन, उपयोगी ठानुन कि नठानुन, पटटट भाषण मार्नु पर्ने होइन र ! किन हजुरले त ध्यान गर्नु पर्छ भन्नु भयो । योग, ध्यान र व्यायाम नगर्ने मान्छे अब पछि पर्छ भन्नु भयो । देखाउन पाइने ठाउँमा आफ्नो हैसियत प्रदर्शन गर्न किन चुक्नु भो ? अमेरिकनका अगाडि अंग्रेजीमा पूर्वीय दर्शनका क्लिष्ट सिद्धान्त ओकलेर आफूलाई अब्बल दर्जाको अमुल्य गुरू भएको देखाउनु पर्ने होइन र ?

हजुरले बजारमा भाइरल गुरुहरूबाट केही सिक्नु पर्यो । हेर्नुस् यहाँ कोही बुद्ध छन् । कोही शिव छन् । कोही ओशो छन् । हजुरले पनि यसो हाम्रा अत्याधुनिक बुद्धहरूको विलासी जीवनबाट केही सिक्नु पर्यो । आखिर बुद्ध शुद्ध भए नि जुठो भए नि भक्तजन फालाफाल छदै छन् । मानिसलाई केहि चाहिएको छैन । केवल साधु रुप धारण गरेको एउटा प्राणी भए पुग्छ । हामीहरू उनलाई भगवान मानेर ढोग्न ब्यग्र प्रतिक्षामा छौं । गुरुलाई ढोगेपछि, गुरुको दर्शन पाएपछि, गुरुको पाउ छुन पाएपछि, गुरुका हातको स्पर्श पाएपछि गुरुको ऊर्जा आफुमा सर्छ । अनि त के चाहियो । जस्तै सुकै महामारीले पनि छुने छैन ।

त्यसैले गुरुदेव, हजुरले एउटा काम गर्नु पर्यो । अरू गुरुहरू जस्तै तपाईंले पनि आफूले गुरु रुप धारण गरेको दिनलाई दिवसको रूपमा मनाउनु पर्यो । तपाईलाई याद होला नि, आफु भित्र भगवान छिरेको दिन । आफु भित्र कसरी भगवान छिर्छन् भन्ने कुरा थाहा नभए नजिकका छिमेकीहरू तर्फ नजर डुलाए पुग्छ । गुरु, ढुक्क हुनुस्, मानिसहरू तपाईंको गुरु रुपको जन्मदिन मनाउन ब्यग्र प्रतिक्षामा छन् । केवल तपाईंले मुख खोल्न मात्र पर्छ । खासमा स्वयं भगवान बुद्ध, कृष्ण र राम भन्दा अहिलेका हाम्रा गुरुहरू स्मार्ट देखिए । किन नदेखिउन र ? समय नै स्मार्ट मान्छेको छ । विचरा बुद्ध कति सोझा होइन त ! बोधगयाको रुखबाट उठेको दिनदेखि नै आफ्नो जयन्ति मनाउन थालेका भए जीवनभरिमा कति खादा र माला लाउन पाउँथे होला । सय किलोका माला त कति हो कति । जति ठूलो माला लगायो त्यति ठूलो समाज सेवी, राष्ट्र प्रेमी नेता भइन्छ नि । पत्यार लागेन ? छिमेक तिर हेर्नुस् । तपाईंको नाम अगाडिको एउटै श्रीले लाखौं अमूर्त श्रीहरूको भन्दा बढी काम गरेको पाएँ । हजुरका कुरा सुनेर धन्य भएँ । मान्छेलाई आफ्नो मालिक आफैं बनाउन सिकाउने तपाईंको अभियानले संसारलाई खान सकोस् । यही शुभेच्छा सहित बिदा हुन्छु ।

उही तपाईंको अपरिचित चेलो,
नारायण भट्टराई

# परीक्षाको महत्व

✍अनामिका न्यौपाने
कक्षा-४ (गारफिल्ड)
नवोदय शिशु सदन हेटौंडा-४

परीक्षा हाम्रो जीवनमा अत्यन्तै महत्वपूर्ण हुन्छ । किनभने हामीले धेरै समय लगाएर पढेका, सिकेका कुराहरूलाई थोरै समयमा लेखेर प्रस्तुत गर्नुपर्ने हुन्छ । त्यसैले आउँदै गरेको परीक्षाको लागि हामीले धेरै मिहिनेत गरेर पढ्न आवश्यक हुन्छ । पढेका कुराहरू सम्झन सक्ने गरी दिमागमा राखिराख्नु पर्ने छ ।

पढ्दा महत्वपूर्ण कुराहरूलाई कापीमा टिपोट गरेर पढ्न सक्छौ, जसले गर्दा धेरै लामो समयसम्म सम्झन सजिलो हुन्छ । हामीले जति धेरै मिहिनेत र प्रयास गर्छौं, त्यति नै राम्रो नम्बर पाउन सक्छौ ।

परीक्षाको समयमा खेलकुद वा अन्य रमाइला कामहरूभन्दा पढाइमा बढी ध्यान दिनु आवश्यक हुन्छ । यदि हामीले राम्रो अंक ल्यायौं भने हाम्रा गुरु बा गुरु आमाहरु र बाबा आमा पनि धेरै खुशी हुनसक्नुहुनेछ । अन्त्यमा, जति राम्रो नम्बर त्यति नै धेरै उपहार ।

**चित्रकला**






दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# कोरियामा सिपयुक्त श्रमिक पठाउने तयारीमा सरकार, ईपीएसमा असर पर्ने




काठमाडौं/सरकारले गणतन्त्र कोरियामा सिपयुक्त श्रमिक (ई-७ भिसा) पठाउने तयारी अघि बढाएको छ । इजाजतपत्र संस्था (म्यानपावर कम्पनी) मार्फत दक्ष कामदार पठाउने गरी तयारी अघि बढाइएको हो । यसका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आवश्यक कार्यविधि तयार पारेको छ । सोही अनुसार कामदार पठाउने गरी सरकार अघि बढेको हो ।

सरकारले 'गणतन्त्र कोरियामा सिपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि २०८०' जारी गरी निजी क्षेत्रमार्फत श्रमिक पठाउने बाटो खोलेको हो । हालसम्म तीन पटक संशोधन भइसकेको यो कार्यविधि अनुसार रोजगारदाताले नि:शुल्क भिसा उपलब्ध गराए वा शून्य लागतमा श्रमिक लैजाने अवस्थामा ईपीएस प्रणाली सरह न्यूनतम शुल्कमा पठाउन सकिने व्यवस्था छ ।

तर, कार्यविधि बने पनि हालसम्म दक्षिण कोरियास्थित नेपाली दूतावासबाट मागपत्र प्रमाणीकरणको काम सुरु नभएकाले श्रमिक पठाउने प्रक्रिया अघि बढेको छैन । यो व्यवस्थाले रोजगार अनुमति प्रणाली (ईपीएस) लाई असर पार्ने र म्यानपावर कम्पनीहरूबाट आर्थिक शोषणको जोखिम बढाउने देखिएको छ । जुन विषयमा श्रम मन्त्रालयका अधिकारीहरूले समेत चिन्ता व्यक्त गर्दै आएका छन् ।

श्रम मन्त्रालयका एक अधिकारीका अनुसार नयाँ व्यवस्थाले सैद्धान्तिक रूपमा राम्रो अवसर सिर्जना गरे पनि यसका पछाडि गम्भीर जोखिम लुकेका छन् ।

**पहिलो जोखिम : ईपीएस प्रणालीमा असर**

मन्त्रालयका एक अधिकारीका अनुसार सबैभन्दा ठूलो चिन्ता यो नयाँ प्रणालीले हाल सफलतापूर्वक सञ्चालनमा रहेको ईपीएस प्रणालीलाई पार्न सक्ने असर हो । उनका अनुसार 'कोरियाको श्रम बजार एउटै हो । निजी क्षेत्रबाट ई-७ भिसामा कामदार जाँदा ईपीएस प्रणाली अन्तर्गतको कोटामा कटौती हुने हो कि भन्ने एउटा खतरा छ । कार्यविधिको मस्यौदा गर्दा 'ईपीएसलाई असर नपर्ने गरी' भन्ने वाक्यांश राखिए पनि व्यवहारमा त्यसको कार्यान्वयन चुनौतीपूर्ण हुने उनको भनाइ छ । 'लेख्नु एउटा कुरा हो, तर व्यवहारमा फरक पर्न सक्छ,' उनले भने ।

**दोस्रो र गम्भीर जोखिम : अनियन्त्रित आर्थिक शोषण**

नयाँ व्यवस्थाको सबैभन्दा डरलाग्दो पक्ष म्यानपावर कम्पनीहरूबाट हुन सक्ने आर्थिक शोषण हो । हाल खाडी र मलेसियामा सरकारले तोकेको १० हजारको सेवा शुल्कको सट्टा ४ देखि ५ लाख रुपैयाँसम्म अवैध रूपमा असुल भइरहेको छ । यस्तो अवस्थालाई त नियमन गर्न नसकेको सरकारले मासिक ३ लाख रुपैयाँभन्दा बढी तलब हुने कोरियाको रोजगारीका लागि म्यानपावरले १५ देखि २० लाख रुपैयाँसम्म असुल्दा कसरी रोक्न सक्ला भन्ने मुख्य प्रश्न हो ।

मन्त्रालयले समेत कानुन बनाए पनि व्यावहारिक रूपमा हुँदै आएको यस्तो गैरकानुनी कार्यलाई राज्यले नियन्त्रण गर्न सक्ने वा नसक्ने भन्नेमा प्रष्ट जवाफ दिन सकेको छैन । 'कानुन बनाउनु ठूलो कुरा होइन, तर त्यसको कार्यान्वयन पक्ष कस्तो हुन्छ भन्ने मुख्य हो,' मन्त्रालयका अर्का अधिकारीले भने, 'कोरिया पठाउने नाममा २०-२५ लाख रुपैयाँ उठाएर नेपालीलाई ठग्ने अस्वस्थ प्रतिस्पर्धा भयो भने त्यसलाई राज्यले अनुगमन गर्न सक्ने कि नसक्ने ? राज्यको नियमनकारी क्षमता नै सबैभन्दा ठूलो चुनौती हो ।'

**किन रोकियो प्रक्रिया ?**

कार्यविधि बने पनि म्यानपावर कम्पनीहरूले ल्याएका मागपत्र अघि बढ्न सकेका छैनन् । यसको मुख्य कारण दक्षिण कोरियास्थित नेपाली दूतावासबाट मागपत्र प्रमाणीकरणको काम सुरु नहुनु हो ।

दूतावासले मागपत्र प्रमाणीकरण गरी वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) मा प्रविष्ट गरेपछि मात्र श्रम स्वीकृति लगायत प्रक्रिया अघि बढ्छन् । परराष्ट्र मन्त्रालयका कर्मचारी समेत संलग्न हुने यो प्रक्रिया हालसम्म सुरु हुन नसक्दा नयाँ व्यवस्था पूर्णरूपमा कार्यान्वयनमा आउन सकेको छैन ।

सरकारले ल्याएको यो नीतिले नेपाली श्रमिकका लागि नयाँ अवसरको ढोका खोल्ने सम्भावना बोके पनि कमजोर सरकारी अनुगमन र म्यानपावर कम्पनीहरूको प्रवृत्तिले गर्दा झन् जोखिम निम्त्याउने चिन्ता व्यक्त गरिएको छ । यसले आर्थिक शोषणको नयाँ अध्याय सुरु गर्ने र स्थापित ईपीएस प्रणालीलाई समेत धरापमा पार्ने जोखिम उच्च रहेको मन्त्रालयका अधिकारीहरूको विश्लेषण छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ अध्यक्ष भुवन गुरुङले ई-७ भिसामार्फत म्यानपावर व्यवसायीले कामदार पठाउँदा कुनै समस्या नहुने बताए । इथिकल रूपमा नै कामदार पठाउने गरी अघि बढिरहेको बताउँदै त्यसमा न्यूनतम शुल्क लिइने बताए । त्यसका लागि सरकारले नै न्यूनतम शुल्क तोक्ने समेत उनको भनाइ छ ।

**के हो ई-७ भिसा ?**

नेपाल सहित १६ देशमा कोरियाले ईपीएस (रोजगार अनुमति प्रणाली) मार्फत कामदार लग्दै आएको छ । जसमा भाषा र सिप परीक्षा दिएर श्रमिक पाँच वर्षका लागि कोरिया जाने गरेका छन् । त्यो बाहेक दक्ष कामदार पठाउने गरी कोरियाले नेपाल सहित ईपीएस प्रणाली लागु भएका देशबाट ई-७ भिसामार्फत कामदार लैजाने गरेको छ ।

सोही अनुसार नेपालबाट समेत ईपीएस प्रणाली बाहेक निजी क्षेत्रका व्यवसाय-व्यवसाय (बीटुबी) मार्फत कोरियाले निर्धारण गरेको कोटामा कामदार पठाउने गरी अघि बढेको हो । कोरियाले ई-७-१ (प्रोफेसनल), ई-७-२ (सेमी प्रोफेसनल), ई-७-३ (जेनेरल स्किल्ड वर्कर) र ई-७-४ (स्किल्ड वर्कर) अन्तर्गतका काममा सिपयुक्त श्रमिकलाई रोजगारका लागि कोरिया पठाउने गरी प्रणाली ई-७ भिसा हो । यो भिसा अन्तर्गत विभिन्न ८५ वटा पेसाका लागि जान सकिने छ । जसमा म्यानेजरदेखि एक्सपर्ट तथा विशेषज्ञसम्म छन् ।

*(स्रोत: अनलाइनखबर)*

स्वास्थ्यमन्त्री थापाले सार्वजनिक गरे एकवर्षको प्रगतिविवरण

# नीति, संरचना र सेवा विस्तारको दृष्टिले उल्लेखनीय उपलब्धि




साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले आफ्नो एकवर्षे कार्यकालमा गरेका प्रमुख कार्यहरु सार्वजनिक गरेका छन् ।

शुक्रबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमार्फत मन्त्री थापाले नीति, संरचना र सेवा विस्तारको दृष्टिले मन्त्रालयले उल्लेखनीय उपलब्धि हासिल गरेको दाबी गरेका छन् । ७ वटा प्रदेशमध्ये बागमती प्रदेशलेमात्रै विद्यालय नर्सको व्यवस्था गरेको मन्त्री थापाले बताए । गत आर्थिक वर्षमा ३ सय १९ विद्यालय नर्स थपिएको जानकारी दिँदै हाल ८ सय ४८ विद्यालयमा बिस्तार गरिएको उनले बताए । टोखा र बज्रवाराहीलगायतका अस्पतालमा आवश्यक जनशक्ति, उपकरण र सेवा सुधार गरिएपछि उपचारसेवा प्रवाह थप प्रभावकारी बनेको उनको भनाई छ । प्रदेशका मुख्य प्रादेशिक अस्पतालमा दैनिक औसत ७ हजार बिरामी सेवा लिन पुग्ने गरेको मन्त्री थापाले बताए ।

मन्त्री थापाले आयुर्वेद तथा औषधि उत्पादन केन्द्रले दुई प्रकारको मात्रै आयूर्वेद औषधि उत्पादन गर्दै आएकोमा आठ प्रकारको औषधि थप गरिएको बताएका छन् । चालू आर्थिक वर्षका प्रदेश सरकारले २१ प्रकारका आयुर्वेद औषधि उत्पादनको तयारी प्रदेश सरकारले गरेको उनले बताए । सीमान्तकृत, लोपोन्मुख, अपाङ्गता 'ख' वर्ग, महिला स्वास्थ्य स्वयंसेविका र आश्रममा आश्रितहरुको बीमा प्रिमियमवापत मन्त्रालयले १० करोड ५० लाख रुपैयाँ स्वास्थ्य बीमा बोर्डलाई भुक्तानी दिएको मन्त्रालयको विवरणमा उल्लेख छ ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत एमडी-एमएस तहका ७ वटा कार्यक्रमका लागि ८ सिट स्वीकृत भएको जनाइएको छ । त्यस्तै, एनेस्थेसिया विषयमा नयाँ कार्यक्रम सुरु गरिएको छ भने चिकित्सा शिक्षाका चारवटा स्नातक तहका कार्यक्रम सञ्चालनमा रहेको जनाइएको छ । पाँचवटा प्रादेशिक अस्पतालमा प्रमाणपत्र तहको नर्सिङ कार्यक्रम सञ्चालन भइरहेको विवरणमा उल्लेख छ ।

प्रदेश सरकारले प्रदेशका दुर्गमक्षेत्रमा विशेषज्ञ चिकित्सकलाई प्रोत्साहनस्वरुप 'विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम' सञ्चालन गर्नुका साथ हेटौंडा अस्पतालमा 'बर्न वार्ड' स्थापना, सबै प्रादेशिक अस्पतालमा आँखा, नाक, कान, घाँटी, छाला तथा यौनरोग, दन्त तथा मानसिक स्वास्थ्यसेवाको विस्तार गरिएको बताइएको छ । मन्त्रालयल गतवर्ष ३० लाख डेंगी परीक्षण कीट र ५ लाख लागुपदार्थ परीक्षण कीट खरिद गरेको जनाएको छ ।

# सिटी कलेजका विद्यार्थीमाझ बार एसोसियसन

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ उच्चअदालत बार एशोसिएसन हेटौंडाले सिटी कलेज (जेनिथ) हेटौंडा-५ मा एक दिवसीय कानूनी सचेतना तथा अनुशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।



बारका सचिव अधिवक्ता सुजन तिमल्सिनाले सन्चालन गरेको कार्यक्रमको अध्यक्षता उच्चअदालत बार एसोसियसन हेटौंडाका अध्यक्ष मनप्रसाद भट्टराईले गरेका थिए । कलेजका प्रमुख श्रीबहादुर कार्कीको विशिष्ट आतिथ्यता रहेको कार्यक्रममा कानून संकायका प्रमुख अधिवक्ता हेमन्त ढुंगेल, अधिवक्ता हरिहर खतिवडा लगायतको आतिथ्य थियो । कार्यक्रममा अधिवक्ता कृष्णप्रसाद भण्डारीले उपभोक्ताअधिकार र अधिवक्ता सुवासचन्द्र अधिकारीले विद्युतीय कसुर अपराध सम्बन्धी सहजिकरण गरेका थिए । अधिवक्ता शिवप्रसाद बन्जाराले विद्यार्थीले र ाखेका कानूनसम्बन्धी जिज्ञासाको जवाफ दिने काम गरेका थिए ।

# सरकारले घोषणा गऱ्यो, तुइन विस्थापित भएन





काठमाडौं/मोटरसाइकल चेनको सहारामा बनाइएको काठको घिर्नी, त्यो पनि जीर्ण ! फलामे डोरीमा खिया लागेको, काठको बक्स थोत्रो छ । थाहा छैनह कुन सामान कहाँ र कतिखेर चुँडिन्छ, टुटफुट हुन्छ । तल बर्खाको उर्लिंदो छेडागाड छ । त्यसकै माथि झुण्डिएको तुइनबाट खोला तर्नुछ । जुनीचाँदे गाउँपालिका-४, जाजरकोटका कृष्णबहादुर खड्का (१४) यसरी खोला पारि रहेको विद्यालय जान थालेको पनि ४ वर्ष बितेको छ । यो तुइन र कृष्णको कहानी अलि लामो छ । दिनहुँजसो वारपार गर्ने तुइनको यात्रा सम्झिँदा मात्रै उनको मुटु काँप्छ ।

'गत वर्ष एक दिन तुइन तर्दै थिएँ । स्कूल जान अलि हतार थियो । खोलाको बीचमा पुगेको बेला तुइनको एउटा डोरी चुँडियो' कृष्णले भने, 'खोलाको बीचमा तुइनको बक्स रोकियो । तल हेरें खोला उर्लिएको थियो । दिमागले काम गरेन । मुटुले ठाउँ छोड्यो । करिब दुई घण्टापछि गाउँलेले आफ्नो ज्यान जोखिममा राखेर उद्धार गरे ।' आज पनि प्रत्येक दिन तुइनबाट वारपार गर्दा त्यही घटनाले उनको मन सिरिङ्ग बनाउँछ । 'अहिले पनि तुइन तर्दा मुटु चिसो हुन्छ । तर के गर्नु स्कूल त जानै पऱ्यो', उनले भने । झोलुङ्गे पुल तरेर विद्यालय जान तीन घण्टा लाग्ने भएकाले पनि तुइनबाटै वार पार गर्ने गरेको उनी बताउँछन् । कक्षा ४ मा अध्ययनरत कृष्णसँगै यही बाटो भएर दैनिक १६-१७ जना अरू विद्यार्थी पनि आउजाउ गर्छन् ।

जुनीचाँदि-४ लुवादह र ११ नम्बर वडाको ताँगा जोड्ने यो तुइनमा दैनिक १५ देखि २० जनाले आउजाउ गर्छन् । ११ नम्बर वडामा रहेको स्वास्थ्य चौकी जान पनि बिरामीलाई तुइन चढ्नुपर्ने बाध्यता रहेको जुनीचाँदे गाउँपालिका-४ का वडाअध्यक्ष हरिबहादुर खड्का (४३) बताउँछन् ।

'ग्रामीण सडक सबै अवरुद्ध छन् । यतिबेला बर्खाको भेलसँगै यहाँका नागरिकहरू सिउरेनी खोलामा आफ्नो ज्यानलाई जोखिममा राखेरै दैनिक जस्तो आवतजावत गर्छन् । स्थानीय बजारमा किनमेलका लागि दैनिकजसो तुइन चढ्नुपर्छ' उनले भने, 'तुइन जीर्ण बनेकाले खस्ने हो कि भन्ने चिन्ता हुन्छ । प्लास्टिकको र खिया लागेको फलामको डोरी (लडि) बीचमै अड्किन्छ कि भन्ने चिन्तै चिन्ताका बीच वारपार गर्नुपर्छ ।' उनका अनुसार सोही ठाउँमा तुइनबाट खसेर दुई वर्षअघि जुनीचाँदे गाउँपालिका-४ का धनबहादुर खड्काले ज्यान गुमाएका थिए ।

जाजरकोटकै जुनीचाँदे गाउँपालिका–४ लुवादहका प्रेमबहादुर खड्का (४४) त्यहाँका स्थानीय अगुवा हुन् । उनलाई छेडागाड नगरपालिका–६ सुवानाउली जान मजकोट खोलामा रहेको तुइन तर्नुपर्छ । उनले तुइन तरेबापत प्रति दिन १०० रुपैयाँ दिनुपर्छ । 'गाउँनजिकै पुल छैन, तुइन चढ्दा हातखुट्टामा चोटपटक लाग्ने, खस्ने जोखिम हुन्छ', उनले भने । सरकारले तुइन विस्थापित गर्ने खबर सुने पनि अहिलेसम्म व्यवहारमा देखिएन । वर्षेनि गाउँ जाँदा तुइन तरेपछि १०० रुपैयाँ तिर्नुपर्छ । सरकारले पुल निर्माण भन्दा तुइन मर्मत गरिदिएको भए हामीलाई यात्रा गर्न सहज हुन्थ्यो । निर्वाचनको बेला विभिन्न राजनीतिक दलका नेताहरू पुल निर्माण गर्छौं भन्दै आश्वासन दिए पनि अहिलेसम्म जीर्ण तुइन (कोक्रो) मा यात्रा गर्नुपर्ने बाध्यता रहेको उनले बताए ।

स्नातक तहमा अध्ययनरत जुनीचाँदे गाउँपालिका-११ की देवीसरा बस्नेतलाई ज्ञानकुञ्ज क्याम्पस दशेरा जान तुइन नतरी हुँदैन । 'बिरा बजारमा रहेको पुल तरेर जाँदा पढाइ नै छुट्छ' उनले भनिन्, 'पुल भए सुरक्षित, सजिलो र छोटो हुन्थ्यो तर पुल निर्माणमा कसैले चासो दिएनन् ।' उनी सहित जुनीचाँदे वडा नम्बर ४, ५, ११, १० र ७ का विद्यार्थी तुइन तरेरै क्याम्पस जाने गरेका छन् । त्यहाँको तुइनबाट खसेर तीन वर्षअघि स्थानीय भ्वाने खड्काले ज्यान गुमाएका थिए । वर्षमा ४/५ जना त घाइते नै हुन्छन् ।

जुनीचाँदि-४, छेडागाड-४ र ६ को नरमराखोलामा स्थानीय मानबहादुर थापाले स्थानीयको आवतजावत सहजताका लागि आठ वर्षअघि आफैं तुइन निर्माण गरेका हुन् । तर तुइनका लट्ठा र कसिएका तारमा खिया लागेकाले वारपार गर्न जोखिमपूर्ण छ । तुइनबाट दिनमा दुई-तीन सय जनाले वारपार गर्ने गरेको जुनीचाँदेका स्थानीय मानसिंह खड्काले बताए । उनका अनुसार मजकोटखोलाको बिराखोला र लामाताडामा झोलुङ्गे पुल निर्माण गरिएको छ । तर, ती पुल तर्न स्थानीयलाई कम्तीमा दुई/तीन घण्टा पैदल हिंड्नुपर्छ ।

जुनीचाँदे गाउँपालिका-१ स्थित स्यालतडादेखि सिमलतडा जोड्ने झोलुङ्गे पुलको लागि स्थानीय तहबाट माग भइआएकाले कार्यालयबाट प्रदेश सरकारलाई अनुरोध गरेर पठाइएको पूर्वाधार विकास कार्यालय जाजरकोटका प्रमुख भूपेन्द्रप्रसाद जैसीले जानकारी दिए । 'माग गरे अनुसारको बजेट पठाउने काम प्रदेश सरकारको हो । यो वर्ष बजेट छुट्याइएको छ भन्ने सुनेको छु । तर मन्त्रालयबाट अहिलेसम्म कुनै पनि परिपत्र आएको छैन', उनले भने ।

११ असोज २०८० मा हुम्लाको सर्केगाड गाउँपालिका-२ रिपस्थित ल्याप्चे घाटबाटमा रहेको तुइन तर्ने क्रममा कर्णाली नदीमा खसेर एक जना बेपत्ता भए । बेपत्ता भएका सोरु गाउँपालिका-५ नेरगाउँ मुगुका ३८ वर्षीय मकरसिंह नेपाली थिए । कर्णाली करिडोरको ग्युसी-छारे खण्डमा मजदूरको रूपमा काम गर्दै आएका उनी काम सकेर वासस्थानतिर जाँदै गर्दा तुइनबाट खसेर बेपत्ता भएका थिए । पछि उनको शव भेटियो ।

कर्णाली करिडोर अन्तर्गत रहेको उक्त ठाउँमा अहिले बेलिब्रिजको ठेक्का परेको छ । तर काम शुरु भएको छैन । तुइनबाट मान्छेको ज्यान जान थालेपछि अहिले सोही ठाउँमा काठको पुल सञ्चालनमा ल्याइएको छ । 'तुइन त छ, तर त्यहाँबाट मान्छेहरू हिंड्दैनन्' सर्केगाड गाउँपालिकाकी उपाध्यक्ष देवकी तिमिल्सेना भन्छिन्, 'अहिले त्यो तुइन जडीबुटी ओसार्न प्रयोग भइरहेको छ ।'

बेलिब्रिज कहिले बन्छ कुनै टुङ्गो छैन । बर्खायाममा काठको पुलमा समेत यात्रा गर्न जोखिमपूर्ण छ । जसले गर्दा अहिले पनि सो क्षेत्रका नागरिकले कष्टपूर्ण यात्रा गर्न बाध्य रहेको उपाध्यक्ष तिमिल्सेनाले जानकारी दिइन् । 'समयमै बेलिब्रिज बनिदिएको भए स्थानीयलाई सहज हुन्थ्यो । यो क्षेत्र समेत सडक सञ्जालले जोडिन्थ्यो', तिमिल्सेनाले भनिन् । वर्षायाममा खोलाको बहाव बढेसँगै काठेपुल पनि बगाइदिने भएपछि स्थानीयहरू पुन: तुइनबाट नै वारपार गर्ने गरेको स्थानीयहरू बताउँछन् । उक्त गाउँका २०० घरधुरीका बासिन्दा दाउरा, घाँसका लागि दैनिक रूपमा तुइनबाटै वार पार गर्दै आउने गरेका छन् । 'कर्णाली करिडोरबाट आउने खाद्यान्न र गाउँको उत्पादन बाटोसम्म पुऱ्याउन पनि यही तुइनकै भर छ', स्थानीय रमेश रावल भन्छन् । हुम्लामै चंखेली गाउँपालिका-४ को नेप्का र लोती गाउँ जोड्न कर्णाली नदीमा अर्को तुइन बनाइएको छ । पुल निर्माण नहुँदा स्थानीय तुइन चढ्न बाध्य भएको चंखेली-४ का वडाध्यक्ष पदमबहादुर शाहीले जानकारी दिए । 'झोलुङ्गे पुल बनाइदेऊ भनेर धेरै पटक प्रदेश राजधानी पुगेर मन्त्रीलाई भेटेरै कुरा राखें । हुन्छ भन्नुहुन्छ, तर पुल भने कहिल्यै बन्दैन', उनले गुनासो पोखे ।

सल्यानको बन्गाड कुपिण्डे नगरपालिका-२ कुन्निकमा भेरी नदीमाथि तुइन छ । विगत १५ वर्ष सञ्चालनमा आएको उक्त तुइनले जाजरकोटको छेडागाड नगर पालिका-१३, कालापानी जोड्छ । उक्त तुइनबाट दैनिक ३-४ सय मानिस आउजाउ गर्ने गरेको बन्गाड कुपिण्डे-२ का वडाध्यक्ष मानबहादुर खत्री बताउँछन् । उनका अनुसार अहिले पनि दर्जन बढी विद्यार्थी त्यही तुइन तरेर जाजरकोट पढ्न जाने र फर्किने गरेका छन् । त्यसको १५ किलोमिटर तल बन्गाड कुपिण्डे-२ कै पारिल्लामा अर्को तुइन छ । झोलुङ्गे पुलको माग पूरा नभएपछि स्थानीयले आफ्नै खर्चमा नदी तर्न दुई वर्षअघि तुइन निर्माण गरेका थिए । स्थानीयहरू हिउँदमा ट्युब र बर्खामा तुइनबाट नदी तर्दै आएका छन् ।

'त्यहाँबाट पनि डेढ दुई सय स्थानीयहरू किनमेलका लागि भेरीपारि जाजरकोटको छेडा बजार आउजाउ गर्छन्' वडाध्यक्ष खत्रीले अनलाइनखबरसँग भने, 'दिनहुँ तुइनबाट स्कूल जान समस्या भएपछि हाम्रा गाउँका ८/१० जना विद्यार्थी छेडामै कोठा भाडामा लिएर बस्ने गरेका छन् ।' तुइनको समस्याकै कारण स्थानीय केही परिवार पारि पट्टि जाजरकोटमा अस्थायी रूपमा समेत बस्दै आएको वडाध्यक्ष खत्रीले जानकारी दिए । वडाध्यक्ष खत्रीका अनुसार तुइन चलाउने व्यक्तिको गत वर्ष मृत्यु भएपछि लामो समय सञ्चालन भएन । अहिले स्थानीय आफैंले डोरी तानेर तुइनबाट वार पार गर्दै आएका छन् । तुइन जडान गरेपछि स्थानीयलाई दैनिक उपभोग्य वस्तु ओसारपसार र आउजाउमा भने सहज भएको छ । नजिकैको झोलुङ्गे पुल दुई वर्षअघिको बर्खामा भासिएपछि वारपार गर्न ट्युब प्रयोग गर्न थालिएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# मुख्यमन्त्री लामाविरुद्ध अविश्वासको....

अविश्वासको प्रस्तावमा हस्ताक्षर गरेका २१ सांसदले मुख्यमन्त्री लामा नेतृत्वको सरकारले जनआक्रोश बढाएको हुँदा अविश्वासको प्रस्ताव दर्ता गरेको जिकिर गरेका छन् । प्रस्तावमा पार्टीको छवि दिनप्रतिदिन कमजोर बनाउन मुख्यमन्त्रीको भूमिकाले काम गरेको आरोप लगाइएको छ ।

सरकारका कामकारबाहीका कारणले प्रदेशप्रति नै जनआक्रोश बढ्दो गतिमा रहेको अविश्वास प्रस्तावमा लेखिएको छ । कांग्रेसको छवि सुधार्नका लागि संसदीय दलको नेता लामा रहेर सम्भव नहुने हुँदा अविश्वासको प्रस्ताव दर्ता गरिएको सांसदहरुले उल्लेख गरेका छन् । लामाले उनी संसदीय दलको बैठक यस अवधिमा तीनपटक मात्रै आव्हान गरेको अविश्वास प्रस्तावमा लेखिएको छ ।

सरकारले प्रदेशसभामा नयाँ विधेयकहरु प्रस्तुत गर्न नसकेका कारणले सदनले विजनेस नपाएको उल्लेख गरिएको छ । कांग्रेसको मुख्यमन्त्री र अर्थमन्त्री हुँदा यस आर्थिक वर्षको बजेट विवादमुक्त नभएको अविश्वास प्रस्तावमा लेखिएको छ । 'सबै घटनाक्रमले माननीय मुख्यमन्त्रीको जिम्मेवारी, प्राथमिकता र जवाफदेहीतामा समेत प्रश्न उठ्न पुगेको छ,' अविश्वास प्रस्तावमा भनिएको छ ।

**मुख्यमन्त्री लामाले प्रभावकारी ढंगले काम गर्न सकेनन्: सभापति बानियाँ**

नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्र बानियाँले प्रदेश संसदीय दलका नेता बहादुरसिंह लामाले प्रभावकारी ढंगले काम गर्न नसकेको आरोप लगाएका छन् ।

संसदीय दलमा अविश्वासको प्रस्ताव दर्ता गराए पश्चात् प्रदेशसभा भवनमा सञ्चार कर्मीसँग कुराकानी गर्दै बानियाँले विगतमा जुन विश्वासको आधारमा लामालाई संसदीय दलका नेता बनाईयो, त्यो विश्वासमाथि नै अविश्वास पैदा भएकोले अविश्वासको प्रस्ताव दर्ता गरेको प्रतिक्रिया दिए । पार्टी सभापति देउवासँगकै परामर्शमा अविश्वासको प्रस्ताव दर्ता गराइएको उनको भनाई छ । 'प्रजातन्त्रको मेरुदण्डको रुपमा रहेको नेपाली कांग्रेसले विश्वासका आधारमा बहादुरसिंह लामाजीलाई दलको नेता बनाइयो', बानियाँले भने, 'त्यसपछि सहकार्यको आधारमा दुइ दल मिलेर सरकार बनाइयो । त्यसको नेतृत्व उहाँले गर्नुभयो । त्यो नेतृत्वले प्रभावकारी ढंगले काम गर्न नसकेको संसदीय दलका अधिकांश साथीहरुको ठहर भयो । विश्वास माथि अविश्वास पैदा भएकाले दर्ता गर्नुपरेको हो ।'

दलको नेताविरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएपछि मुख्यमन्त्री लामाले विधानअनुसार बहुमत सदस्यको समर्थन रहेको सिद्ध गर्नुपर्ने हुन्छ । प्रदेश संसदीय दलको विधानको धारा १८ अनुसार दर्ता भएपछि १५ दिनभित्र दलको बैठक बोलाउनु पर्ने हुन्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# भरतपुर क्यान्सर अस्पतालमा बोनम्यारो प्रत्यारोपण हुने

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरले बोनम्यारो प्रत्यारोपण सेवा सुरु गर्ने भएको छ ।

क्यान्सर अस्पताल भरतपुरका कार्यकारी निर्देशक डाक्टर शिवजी पौडेलले चीन सरकारको सहयोगमा अस्पतालमा बोनम्यारो प्रत्यारोपण सेवा युनिट खडा गर्न लागिएको जानकारी दिए । नेपाल सरकारले बोनम्यारो प्रत्यारोपण चिकित्सा परियोजना कार्यान्वयन गर्नेसम्बन्धी लेटर फर एक्सचेन्जमा हस्ताक्षर गर्न स्वीकृति प्रदान गरेको छ । अस्पतालका कार्यकारी निर्देशक डा. पौडेलले चीनबाट आएको टोलीले अस्पतालमा अध्ययन अवलोकन तथा परीक्षण गरेर गएको बताएका छन् ।



सरकारी तहबाटै सेवा सञ्चालनका लागि प्रक्रिया अगाडि बढ्ने भएकाले अर्थ मन्त्रालयमा सम्बन्धित निकायबीच हस्ताक्षर भएको छ । उनका अनुसार नेपाल सरकारको मन्त्रीपरिषद्को बैठकले चीन सरकारबाट बोनम्यारो प्रत्यारोपण चिकित्सा केन्द्र परियोजना कार्यान्वयन गर्न विनिमयपत्रमा हस्ताक्षर गर्न स्वीकृति प्रदान भइसकेको छ । 'एक वर्षदेखि क्यान्सर अस्पताल भरतपुरमा बोनम्यारो प्रत्यारोपण सेवा निर्माणको युनिट सञ्चालनका लागि तयारी गरिएको थियो, अब कार्यान्वयनतर्फ अघि बढेको छ,' कार्यकारी निर्देशक डा.पौडेलले भने, 'मन्त्रीपरिषद्को बैठकले हस्ताक्षर गर्न स्वीकृति दिएपछि अब कामको गतिले तीव्रता पाउने छ ।'

'क्यान्सर अस्पताल भरतपुरले गर्नुपर्ने सबै काम गरिसकेको छ,' पौडेलले भने, 'बोनम्यारो प्रत्यारोपण सेवा जतिसक्दो छिटो दिन हामी आतुर छौं । अब प्रक्रिया अघि बढेकाले दसैं अगाडि नै सेवा सुरु गर्न सक्ने आशा छ ।' क्यान्सर अस्पताल भरतपुरले यसअघि नै स्वास्थ्य मन्त्रालयमा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन (इआइए) बुझाइसकेको छ । बोनम्यारो प्रत्यारोपण सेवाका लागि थप भवन निर्माण, उपकरण खरिद र जनशक्तिलाई तालिमसमेत चीन सरकारले व्यवस्थापन गर्ने उनको भनाई छ ।

प्रमुख जनशक्ति चीनबाट आउने छ । यहाँका जनशक्तिलाई तालिमसमेत चिनियाँ टोलीले दिने डाक्टर पौडेलले बताए । स्थापना गर्नु अगाडि चिनियाँ टोली अस्पताल आएपछि उपकरण खरिद, जनशक्तिलाई तालिमलगायतको विषयमा छलफल हुने छ । विसं २०८१ वैशाख १३ गते स्वास्थ्य मन्त्रालयका सचिव डा. रोशन पोखरेल र चिनियाँ अन्तर्राष्ट्रिय विकास सहयोग संस्था (चाइना इन्टर नेसनल डेभलपमेन्ट कोअपरेसन एजेन्सी) का प्रमुख लियु झाओ हुईद्वारा यससम्बन्धी सम्झौतामा हस्ताक्षर भएको थियो । हस्ताक्षर भएको १५ महिनापछि नेपाल सरकारले स्थापना गर्न हस्ताक्षर गरी स्वीकृति प्रदान गरेको हो ।

सम्झौतामा संरचना निर्माणदेखि चिकित्सकलाई सैद्धान्तिक र प्राविधिक तालिमसम्मका लागि सहायता उपलब्ध गराउने सहमति भएको डा. पौडेलले बताए । नेपालमा काठमाडौंमा बोनम्यारो प्रत्यारोपणको काम भइरहेको भए पनि युनिट नै खडा गरेर प्रत्यारोपणको प्रक्रिया अघि बढेर सफल भए बोनम्यारो प्रत्यारोपण युनिट खडा गर्ने पहिलो अस्पताल भरतपुरको क्यान्सर अस्पताल बन्ने छ । पहिलो पटक बोनम्यारो प्रत्यारोपण सिभिल अस्पताल काठमाडौंले सुरु गरेको हो ।

आधुनिक प्रविधिबाट भरतपुरमै बोनम्यारो प्रत्यारोपण गर्न थालिएपछि विदेश गएर ठुलो धनराशि खर्च गर्न नपर्ने चिकित्सकको भनाइ छ । बोनम्यारो प्रत्यारोपण गर्न विदेशको तुलनामा नेपालमा सस्तो पर्नेछ । सामान्यतया बोनम्यारो प्रत्यारोपण नेपालमा भए पाँच लाख रुपैयाँ खर्च हुने र विदेश गएर उपचार गराउँदा झन्डै दोब्बर खर्च हुने चिकित्सकले बताएका छन् ।

## उद्योग मन्त्री तामाङको प्रगतिविवरण सार्वजनिक

# ७८ प्रतिशत बजेट खर्च, ६ अर्ब बढी राजस्व संकलन



साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/बागमती प्रदेशको उद्योग, वाणिज्य तथा भूमि प्रशासन मन्त्री सुकमाया तामाङल एकवर्षको प्रगति विवरण सार्वजनिक गरेकी छन् ।

मन्त्रालय सम्हालेको एकवर्षको कार्यकालमा सम्पादित कार्यको विवरण शुक्रबार सार्वजनिक गरिएको हो । ३० बुँदामा समेटिएको प्रगतिविवरण मन्त्रालयले ऐन निर्माणदेखि छात्रवृत्ति वितरणसम्मका कार्यक्रम समेटिएको छ । प्रगतिविवरण अनुसार मन्त्रालयले विगत वर्षका लागि विनियोजन गरिएको ७३ करोड ७९ लाख रुपैयाँ बजेटमध्ये ७८ प्रतिशत खर्च गरेको छ । मन्त्रालयमार्फत् कुल ६ अर्ब ५२ करोड रुपैयाँ बराबरको राजस्व संकलन भएको छ ।

उद्योग, व्यापार र भूमि प्रशासनसम्बन्धी नीति सुधारदेखि लिएर उद्यमशीलता प्रवर्द्धन, औद्योगिक संरचना निर्माण, सीप विकास तालिम तथा अनुगमन कार्यलाई प्राथमिकतामा राखिएको उल्लेख गरिएको छ ।

नीतिगत सुधारतर्फ मन्त्रालयले 'प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६', 'प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६' मा संशोधन अघि बढाएको छ । त्यस्तै, 'प्रदेश हस्तकला सञ्चालन सम्बन्धी ऐन, २०८१' तर्जुमा गरिएको छ भने घरेलुमदिरा नियमनसम्बन्धी नयाँ ऐनका लागि मस्यौदा तयार गरिएको छ । प्रदेशभर औद्योगिक गतिविधिमा उल्लेख्य वृद्धि भएको मन्त्रालयले जनाएको छ । एकवर्षको अवधिमा बागमती प्रदेशमा ५९ हजार ४ सय ६७ उद्योग दर्ता भएका छन् ।

यस्तै, १३ वटै जिल्लाका उद्योग तथा व्यापार कार्यालयले १ हजार ७ सय १२ वटा औद्योगिक तथा व्यापारिक फर्मको अनुगमन गरेका छन् । अनुगमनको क्रममा नियमविपरीत क्रियाकलाप भेटिएका फर्मलाई ३६ लाख ३६ हजार रुपैयाँ बराबरको जरिवाना गरिएको छ । प्रदेश सरकारको 'एक पालिका, एक औद्योगिकग्राम' नीतिअनुसार सिन्धुलीको दुधौली र नुवाकोटको शिवपुरीमा औद्योगिकग्राम स्थापना गर्न सम्भाव्यता अध्ययन, वातावरणीय परीक्षण र डिपिआर निर्माणकार्य सम्पन्न भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले सीप अभावका कारण पछाडि पारिएका सीमान्तकृत तथा अल्पसंख्यक समुदाय मुसहर, बोटे, हायू, माझी, वनकरियालाई लक्षित गरी व्यावसायिक तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालनका लागि चालू आर्थिक वर्षमा ५ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको मन्त्री तामाङले जानकारी दिइन् । चालू वर्षमा प्रदेशका पाँच स्थानीय तहमा 'एक स्थानीय तह, एक प्रमुख उद्योग' कार्यक्रम सञ्चालन हुने तयारी गरिएको छ ।

१३ वटा वडामा 'एक वडा, एक उद्यम' कार्यक्रम लागू गर्ने तयारी मन्त्रालयले गरेको छ । सबै उद्योग तथा वाणिज्य कार्यालयलाई 'एक कार्यालय, एक वस्तु विकास केन्द्र' को रुपमा विकास गर्ने योजना अघि बढाइएको छ ।

# वास्तविक संघीयता अध्ययनको लागि गाउँ जानुपर्नेमा जोड

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको सिफारिस कार्यान्वयनको अवस्था विषयक छलफल कार्यक्रम शुक्रबार काठमाडौंमा सम्पन्न भएको छ ।



राष्ट्रियसभाको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति र फेडरलिजम् एण्ड लोकलाईजेसन सेन्टरको संयुक्त आयोजनामा भएको कार्यक्रमका प्रमुखअतिथि संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सभापति सोनाम गेल्जेन शेर्पाले बहुदलपछि सबै तहमा स्वायत्त शासन दिएकोले त्यसैको जगमा संघीयता आएको बताए । उनले सबै तहका सरकारलाई अधिकार जति दियो संघीयता त्यति नै बलियो हुने बताए । जनतामा नभएका कुरा मात्रै गरेर निराश बनाउनुको साटो भएका राम्रा कामलाई उजागर गर्नुपर्ने बताउँदै उनले स्थानीय तहका वडा बलियो भयोभने संघीयता बलियो हुन्छ, वास्तविक संघीयता अध्ययनको लागि गाउँगाउँमा जानुपर्ने बताए ।

कार्यक्रममा राष्ट्रियसभा सदस्य गोपीबहादुर सार्की अछामीले संघीयताप्रति राजनीतिक र प्रशासनिक ईमानदारीता जरुरी भएको बताए । त्यस्तै राष्ट्रियसभा सदस्य उदयबहादुर बोहराले प्रचण्ड नेतृत्व सरकार हुँदा संघीयता कार्यान्वयनप्रति देखिएको आशा अहिले हराएको बताए । उनले संघीयताप्रति मानसिकतामा, कार्यान्वयनमा समस्या भएको भन्दै प्रणालीमा केही सुधार गरेर संघीयता बलियो बनाउन पर्ने बताए । राष्ट्रियसभा सदस्य राजेन्द्रलक्ष्मी गैरेले कुलिङ पिरियडमा पार्टीहरुले दोधारे नीति लिएको बताइन् ।

उनले स्थानीय तहका कर्मचारीलाई सरुवा र बढुवामा अवरोध भएको बताउँदै बजेट निकासा र योजना कार्यान्वयनमा एकदम ढिलाइ भएको बताइन् । संघीयताको विरुद्ध जाने छुट कसैलाई नभएको गैरेले बताइन् । कार्यक्रममा राष्ट्रियसभा सदस्यहरु जगप्रसाद शर्मा, किरणबाबु श्रेष्ठ, शेखरकुमार सिंह, बिष्णुकुमारी सापकोटा, मनरुपा शर्मा, ईन्दिरादेवी गौतम्, संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिका सचिब सीता काफ्ले, दशरथ धमाला लगायतले धारणा राखेका थिए ।

राष्ट्रियसभाका पूर्वसदस्य तथा एफएलसीका अध्यक्ष संघीयताविद् डा. खिमलाल देवकोटाको अध्यक्षतामा भएको छलफल कार्यक्रममा उनले २०७९ सालमा विशेष समितिले सरकारलाई बुझाएको ९९ बुँदे सुझाव प्रतिवेदनको अवस्था र आगामी कार्यभारबारे स्पष्ट पारे । कार्यक्रमलाई राष्ट्रियसभा समितिको पूर्वसभापति तथा एफएलसीका कार्यकारी निर्देशक प्रकाश पन्थले सञ्चालन गरेका थिए । कार्यक्रममा सहभागीले राखेका धारणालाई एफएलसीका तर्फबाट डा. दीपेन्द्र रोकाया, प्रल्हाद लामिछाने, मोहम्मद अयुव र बिष्णु श्रेष्ठले प्रतिवेदनलेखन गरेका थिए ।

# समस्याग्रस्त ५ सहकारीका ऋणीलाई भदौभित्र ऋण चुक्तागर्न ताकेता

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/बागमती प्रदेश सरकारले समस्याग्रस्त घोषित पाँच सहकारी संस्थाका ऋणीलाई भदौ मसान्तभित्र ऋण तिर्न ताकेता गरेको छ ।

प्रदेशको सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय काठमाडौंले सार्वजनिक सूचना जारी गर्दै सिभिल, दर्शन, नेशनल नमोबुद्ध, लालीगुराँस र सुमेरु बचत तथा ऋण सहकारी संस्थाका ऋणीलाई भदौ ३१ गतेभित्र ऋण तिर्न भनेको हो । ती सहकारी संस्था समस्याग्रस्त घोषणा हुनुभन्दा एक दिन अघिसम्मको ऋणतिर्न ऋणीलाई भनिएको हो । सिभिल २०८० भदौ २१ गते, दर्शन २०८१ कात्तिक ११ गते तथा नेशनल नमोबुद्ध, लालीगुराँस र सुमेरु बचत तथा ऋण सहकारी संस्था २०८१ पुस २८ गते समस्याग्रस्त घोषणा भएका थिए ।

ती सहकारी संस्थाका ऋणीले भदौ ३१ गतेभित्र पनि ऋण नबुझाएमा साँवा, ब्याज र हर्जानासमेत गणना गरी ऋण असुल गर्ने र ऋण असुलीसम्बन्धी आवश्यक कानुनी काबारहीको प्रक्रिया अघि बढाइने चेतावनी दिइएको छ । ऋणीलाई सावाँ र ब्याज तिर्न यसअघि पटकपटक भनिए पनि सम्पर्कमा नआएको भन्दै समितिले राष्ट्रिय दैनिक पत्रिकामा सूचना जारी गरेको हो । हाल बागमती प्रदेशको नियमन क्षेत्रधिकार भित्र रहेका दर्ता सहकारी संस्थाहरु ३ हजार २ सय २७ बटा रहेको छ ।

प्रदेश सहकारी ऐन, २०७६ बमोजिम सहकारी संस्थाले तोकिएको समयमा विवरण पेश गनुपर्नेमा हालसम्म ८ सय ९५ बटा सहकारी संस्थाले विवरण वुझाएको र त्यस्तो विवरण तथा प्रतिवेदन ढिलो गरी बुझाएका सहकारीबाट दस्तुरबापत १२ लाख ९७ हजार ५ सय पुगेको छ । गरिबी निवारणका लागि चेपाङ, दलित र बञ्चितिकरणमा परेका समुदायको आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रमसम्बन्धी विशेष अनुदानको लागि मन्त्रालयले कार्यक्रम सञ्चालन प्रस्ताव तयार गरी पेश गरिएको छ ।

# सुनसरीका चौधरी हेटौंडामा गाँजासहित पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/मकवानपुर प्रहरीले गाँजासहित एक किशोरलाई पक्राउ गरेको छ । सुनसरी ईनरुवा नगरपालिका-७ घर भई हाल विराटनगर महानगर पालिका-६ बस्दै आएका १८ वर्षीय आशनारायण चौधरीलाई ५ केजी गाँजासहित हेटौंडामा प्रहरीले पक्राउ गरेको हो ।

पूर्वपश्चिम सडक खण्ड अन्तर्गत पर्ने हेटौंडा उपमहानगर पालिका-१५ रातोमाटेस्थित चेकपोष्टका प्रहरीले नारायणगढबाट विराटनगरतर्फ जाँदै गरेको प्र.१-०१-००१ ख ३६७३ को यात्रुबाहक बसलाई रोकेर जाँच गर्ने क्रममा चौधरीको साथबाट ५ केजी गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता श्यामु अर्यालले बताए ।

पक्राउ परेका चौधरीलाई लागुऔषध कसुर मुद्दा चलाएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार आर्थिक वर्षमा २०८१/८२ मा मकवानपुरमा प्रहरीले ६ हजार ४ केजी गाँजा बरामद गर्नुको साथै २ सय ८९ जनालाई लागुऔषध मुद्दामा पक्राउ गरिएको थियो । पक्राउ पर्नेमा १७ जना विदेशी रहेका छन् ।

"मकवानपुरको शिक्षामा शान, गुणास्तरीय शिक्षा, भुटनदेवी मा वि को पहिचान"

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

शैक्षिक गुणस्तरमा सामुदायिक विद्यालय तर्फ मकवानपुर जिल्लामै उत्कृष्ट नतिजा हासिल गर्न सफल यस भुटनदेवी मा. वि. हेटौडा-४ मा शैक्षिक सत्र २०८२ का लागि विज्ञान, व्यवस्थापन र ३ वर्षे डिप्लोमा सिभिल इन्जिनियरिङ्गमा धमाधम भर्ना खुल्यो।

हाम्रा विशेषताहरुः
१) अत्याधुनिक Computer lab, Science lab/Civil Engineering ल्याबको व्यवस्था भएको ।
२) Multimedia तथा Interactive Board को प्रयोग गरी कक्षा संचालन गरिने ।
३) उपयुक्त भौतिक पूर्वाधार सहितको प्रविधिमैत्री कक्षाकोठा तथा पर्याप्त खेल मैदान भएको ।
४) सुन्दर, शान्त एवम् रमणीय वातावरणमा अध्यापन गराइने ।
५) दक्ष एवम् अनुभवी शिक्षक/प्रशिक्षकहरुद्वारा अध्यापन गराइने ।
६) गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्रिको व्यवस्था भएको

हाम्रो छात्रवृत्ति कार्यक्रम :
SEE परीक्षामा
- 3.61 वा सो भन्दा माथि GPA प्राप्त गर्ने विद्यार्थीलाई भर्ना र मासिक शुल्कमा पूर्ण छुट ।
- GPA-3.21 देखि 3.6 सम्म प्राप्त गर्ने विद्यार्थीलाई मासिक शुल्कमा पूर्ण छुट
- GPA-2.81 देखि 3.2 सम्म प्राप्त गर्ने विद्यार्थीलाई भर्ना र मासिक शुल्कमा ५०% छुट
- GPA-2.41 देखि 2.8 सम्म प्राप्त गर्ने विद्याथीलाई मासिक शुल्कमा ५०% छुट
- GPA-1.6 देखि 2.4 सम्म प्राप्त गर्ने विद्याथीलाई मासिक शुल्कमा २५%. छुट
- भर्ना फारम धमाधम वितरण भइरहेकोले तुरुन्त सम्पर्क गर्नु होला।

थप जानकारीको लागि:
श्री भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)
हेटौंडा-४, मकवानपुर
सम्पर्क नं.: ९८४५४५९८०५, ९८४५२८६८३०, ९८५५०७१६०७

भर्ना खुल्यो ! भर्ना खुल्यो !
3 YEARS
HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, RADIOGRAPHY
SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८२/०८३ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।
MTI का विशेषताहरु
- उत्कृष्ट एवं अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा
- उत्कृष्ठ नतिजा
- २९ वर्ष देखि निरन्तर चलिरहेको संस्था

कार्यक्रमहरु
Health Assistant (HA) 40 सिट
PCL Lab Technology 30 सिट
PCL Radiography 30 सिट
PCL Physiotherapy 40 सिट

CTEVT को स्वास्थ्य विषयमा पढ्न चाहने विद्यार्थीहरुलाई सुवर्ण अवसर
फारम शुल्क रु १०००/-
- फारम वितरण मिति: २०८२/०४/०६ गते मंगलवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८२।०४।२५ गते आइतवार बेलुका ४:३० सम्म

मकवानपुर टेक्निकल इन्षिट्च्युट
हेटौंडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना